नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

**पत्र संख्या : ०६८।०६९**

**चलानी नं. : ज.व्य.**

## प्रेश विज्ञप्ति



अर्थ मन्त्री  वर्षमान पुनले शान्ति र संविधान टुंगोमा पुग्ने निश्चित भएको तथा आर्थिक परिसूचक सकारात्मक दिशामा अगाडि बढेकाले सेयर कारोबारमा सहभागी हुन व्यक्तिगत तथा संस्थागत लगानीकर्तालाई आह्वान गर्नुभएको छ ।

अर्थ मन्त्री पुन, अर्थ सचिव कृष्णहरि बास्कोटा र नेपाल धितोपत्र बोर्डका अध्यक्ष बाबुराम श्रेष्ठको आज मिति २०६८/९/१८ गते सोमबार नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) को निरीक्षण भ्रमण क्रममा यस्तो आह्वान गर्नुभएको हो ।

'समग्र अर्थतन्त्र सबल भए पनि घरजग्गा कारोबार र सेयर बजारबाट राम्रो संकेत आइरहेको छैन,' उहाँले भन्नुभयो, 'यसतर्फ हाम्रो ध्यान आकर्षण भएको छ । यसलाई सुधार गर्न हामी गृहकार्यमा जुटेका छौं ।' सेयर बजारमा मनोवैज्ञानिक प्रभावले ठूलो महत्व राख्ने औंल्याउँदै मन्त्री पुनले आम लगानीकर्ताको विश्वास जगाउन सरकार, नियमन निकाय, नेपाल स्टक एक्सचेन्ज लगायत सरोकारवाला सबै समन्वायत्मक रुपमा अगाडि बढ्नुपर्ने बताउनुभयो ।

**पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।**
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : stock@enet.com.np**
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

**(नेपाल सरकारको स्वामित्व भएको)**

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

**पत्र संख्या : ०६८।०६९**

**चलानी नं. : ज.व्य.**

उहाँले तत्कालका लागि दैनिक कारोबार गर्दा स्रोत खोजिने सीमा बढाउनेतर्फ गृहकार्य भइरहेको, इन्टरनेटमा आधारित कारोबार प्रणाली कार्यान्वयनमा ल्याउन वैदेशिक सहयोग लिन सरकार सकारात्मक रहेको तथा चेतना कार्यक्रमलाई देशव्यापी बनाउने जानकारी दिनुभयो ।

कार्यक्रममा अर्थ सचिव कृष्णहरि बास्कोटाले सेयर बजारको सन्तुलित विकासका लागि रियल सेक्टर (Real Sector) का कम्पनीलाई प्रवेश गराउने सम्बन्धमा ठोस सुझाव पेस गर्न आग्रह गर्नुभयो । कारोबार प्रणालीलाई पूर्ण स्वचालित गराउने, कारोबारको लागत घटाउने विषयमा पनि मन्त्रालयले बुँदागत सुझावको अपेक्षा गरेको उहाँले बताउनुभयो ।

यसैगरी धितोपत्र बोर्डका अध्यक्ष बाबुराम श्रेष्ठले पछिल्लो समयमा धितोपत्र बोर्ड अन्य सरोकारवालाहरु समेतको सहयोगमा देशव्यापी लगानीकर्ता शिक्षा कार्यक्रममा लागेको जानकारी दिनुभयो । इन्टरनेटमा आधारित तथा सिडिएस, क्लियरिङ एन्ड सेटलमेन्ट प्रणालीमार्फत विदेशमा रहेका नेपालीलाई सेयर कारोबारमा सहभागी गराउने बाटो खुला गरिएको उहाँले बताउनुभयो । अर्को चरणमा विदेशी लगानीकर्तालाई पनि सेयर बजारमा लगानी गर्नसक्ने वातावरण बनाइने उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा नेप्से सञ्चालक समितिका अध्यक्ष डा. जीवनाथ धितालले नेप्सेको कारोबार प्रणालीलाई अद्यावधिक गराउन प्राविधिक सहयोग उपलब्ध गराउने बारेमा अर्थमन्त्रालयसमेतको सहयोगमा विभिन्न विदेशी सरकार तथा निकायसँग छलफल चलिरहेको अवगत गराउनुभयो । नेप्सेका महाप्रबन्धक शंकरमान सिंहले नेपालको पुँजी बजार विकासका लागि वैदेशिक संस्थागत लगानीकर्ता भित्र्याउनुपर्ने र नेप्सेको निजीकरण प्रक्रियालाई तीव्रता दिनुपर्ने कुरामा जोड दिनुभयो ।

मितिः२०६८/९/१८

**पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।**

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : stock@enet.com.np**

यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.